बैठक संख्या - ४१

आज मिति २०७६।१२।०३ गते सोमबार यस भुम्लु गाउँपालिका गाउँ कार्यपालिकाको वैठक भुम्लु गाउँपालिकाका अध्यक्ष श्री गुमानध्वज कुँवरको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी तपशिल बमोजिमका विषयहरुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति

१ श्री गुमानध्वज कुँवर – अध्यक्ष

२ श्री कल्पना कुमारी श्रेष्ठ – उपाध्यक्ष

३ श्री खीर बहादुर श्रेष्ठ – सदस्य

४ श्री कृष्ण कुमार कार्की – सदस्य

५ श्री ज्ञान वहादुर तामाङ – सदस्य

६ श्री लोक बहादुर कुँवर – सदस्य

७ श्री अञ्चल कुमार लामा – सदस्य

८ श्री भरत बहादुर शिवभक्ती – सदस्य

९ श्री रमेश राज खरेल – सदस्य

१० श्री मोतिलाल तामाङ – सदस्य

११ श्री दल बहादुर तामाङ – सदस्य

१२ श्री चित्र बहादुर तामाङ – सदस्य

१३ श्री माया तामाङ – सदस्य माया

१४ श्री सानुमाया पहरी – सदस्य सानुमाया

१५ श्री उर्मिला वि. क. बराइली – सदस्य

१६ श्री सावित्रा अछामी – सदस्य सावित्रा

१७ श्री बालकृष्ण पहरी – सदस्य

१८ श्री शंकर नेपाली – सदस्य

१९ श्री मदन कुमार बजगाँई – सदस्य सचिव

Scanned with CamScanner

प्रस्तावहरु

१ गाउँपालिकाको संगठन संरचना तथा दरबन्दी पुनरावलोकन सम्बन्धमा ।

२ भुम्लु गाउँपालिका खरिद नियमावली, २०७६ सम्बन्धमा ।

३ विषयविज्ञ शिक्षक छनोट सम्बन्धी कार्यविधि २०७६ सम्बन्धमा ।

४ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको लागि सिफारिस सम्बन्धमा ।

५ अपरिचित व्यक्तिहरुको पहिचान तथा सुरक्षा व्यवस्था सम्बन्धमा

६ कोरोना समन्वय समिति सम्बन्धमा

७ रोजगार संयोजकको करार अवधि थप सम्बन्धमा ।

निर्णयहरु

१ यस गाउँपालिकाको संगठन संरचना तथा दरबन्दी पुनरावलोकनका लागि यस गाउँपालिका अन्तरगतका सबै विषयगत शाखाहरु वडा कार्यलयहरु सेवा केन्द्रहरु लगायतका सबै कार्यालयहरुबाट लिखित रुपमा सुझाव संकलन गर्ने निर्णय गरियो।

२ भुम्लु गाउँपालिका खरिद नियमावली २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

३ भुम्लु गाउँपालिका विषय विज्ञ शिक्षक छनोट सम्बन्धी कार्यविधि २०७६ स्विकृत गर्ने निर्णय गरियो ।

४ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत यस गाउँपालिकाका निम्न माध्यमिक विद्यालयहरुको प्रस्ताव शिक्षा मन्त्रालय समक्ष पेश गर्ने निर्णय गरियो ।

सेतिदेवी मा वि भुम्लु १
सेतिदेवी मा वि भुम्लु ४ काभ्रे
सेतिदेवी मा वि भुम्लु ४ चौवास
प्रकाश मा वि भुम्लु ८
दुलालेश्वर मा वि भुम्लु ८
जनता मा वि भुम्लु ६
शारदा मा वि भुम्लु ७
अरुणोदय मा वि भुम्लु २

५ अपरिचित व्यक्तिहरुको पहिचान तथा सुरक्षा व्यवस्था सम्बन्धमा यस गाउँपालिकामा विभिन्न कामको सिलसिलामा गाउँपालिका क्षेत्र बाहिरबाट आउने अपरिचित व्यक्तिहरुको नागरिकता प्रमाणपत्र वा अन्य आधिकारिक परिचयपत्र संकलन गरी विवरण नियमित रुपमा वडा कार्यालयमा राख्ने तथा गाउँ टोलको सुरक्षा व्यवस्थामा कुनै व्यक्ति वा समुहबाट खतरा हुनसक्ने देखिएमा यथासक्य सो

Scanned with CamScanner

को जानकारी सुरक्षा निकायमा तथा गाउँपलिकामा समेत गराउन वडा कार्यालयहरुलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

६ कोरोना समन्वय समितिको सम्बन्धमा यस गाउँपालिका क्षेत्रमा कोरोना भाइरसको संक्रमणलाई फैलिन नदिन आवश्यक कार्यहरुको समन्वयको लागि तपशिल बमोजिमको कोरोना समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक अध्यक्ष

सह संयोजक उपाध्यक्ष

सदस्य प्रमुख प्रशासकीय अधिकृत

सदस्य कार्यपालिकाका सदस्यहरु सबै

सदस्य गाउँपालिकाका विषयगत शाखाका प्रमुखहरु सबै

सदस्य अध्यक्षबाट मनोनित बुद्धिजीवि शिक्षाविद व्यापारी इत्यादि मध्ये ५ जना

सदस्य सचिव गाउँपालिकाको स्वास्थ्य शाखाका प्रमुख

७ नेपाल सरकार श्रम रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय अन्तर्गत संचालित प्रधानमन्त्री रोजगार कार्यक्रमको मिति २०७६।११।२३ को परिपत्र अनुसार यस गाउँपालिकामा नियुक्त रोजगार संयोजकको कार्यसम्पादन मूल्यांकन समेतका आधारमा १ वर्ष करार अवधि थप गर्ने निर्णय गरियो ।

१२/३

Scanned with CamScanner